कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
ओखलढुंगा, नेपाल

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :- १११

मितिः २०८२/०७/२८
ने.सं.: ११४६ कछलागा १० शुक्रवार

विषयः कार्यक्रम बजेट अंक पुनः सच्याइएको सम्बन्धमा ।

श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ओखलढुंगा ।
श्री राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, ओखलढुंगा ।
श्री सिद्धिचरण नगरपालिका, ओखलढुंगा ।
श्री मोलुङ गाउँपालिका, प्राप्चा, ओखलढुंगा ।
श्री चिशंखुगढी गाउँपालिका, सेर्ना, ओखलढुंगा ।
श्री चम्पादेवी गाउँपालिका, ताप्केडाँडा, ओखलढुंगा ।
श्री मानेभञ्ज्याङ्ग गाउँपालिका, मानेभञ्ज्याङ्ग, ओखलढुंगा।
श्री लिखु गाउँपालिका, यसम, ओखलढुंगा ।
श्री सुनकोशी गाउँपालिका, मूलखर्क, ओखलढुंगा ।
श्री खिजिदेम्बा गाउँपालिका, खिजिफलाटे, ओखलढुंगा ।

प्रस्तुत विषयमा यस कार्यालयको प.सं. २०८२/०८३ मिति २०८२/०७/२७ गते पठाइएको पत्रानुसार कार्यक्रममा सहभागिताको लागि सूचिकृत तथा प्रस्ताव आव्हान सम्वन्धी सूचना (सूचना नं. ०२/ २०८२-०८३) मा कार्यक्रम बजेट रु. हजारमा १०००.००/-(अक्षरेपी दशलाख मात्र) हुनु पर्नेमा बजेट रु.हजारमा १००.००(अक्षरेपी एकलाख मात्र) भएको हुनाले कार्यक्रम बजेट अंक पुनः सच्याई सूचिकृत तथा प्रस्ताव आव्हान सम्वन्धी सूचना पाना २ (दुई) यसै पत्रसाथ संलग्न राखी सूचना टाँसको लागि पठाइएको व्यहोरा अनुरोध छ । उक्त सूचना पत्र तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सूचना टाँस गरिएको जानकारी पत्र यस कार्यालयमा पठाइदिनु हुन अनुरोध छ । साथै नगरपालिका/गाउँपालिकाबाट मातहतका वडा कार्यालयहरुमा समेत सूचना पठाई टाँस गर्ने व्यवस्था गरिदिनु हुन अनुरोध छ ।

०८/२८
पेशल खतिवडा
नि. कार्यालय प्रमुख


फोन नं.: ०३७-५२०१३०, ५२०६०६ Website: okhaldhunga.akc.gov.np E-mail: akcokhaldhunga@gmail.com

CS CamScanner

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
ओखलढुंगा, नेपाल

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-

मिति: २०८२/०७/२७
ने.सं.: ११४६ कछलागा ९ बिहीवार

## कार्यक्रममा सहभागिताको लागि सुचिकृत तथा प्रस्ताव आव्हान सम्बन्धी सूचना

सूचना नं. ०२/ २०८२-०८३
(प्रथम पटक प्रकाशित मिति: २०८२/०७/२७ गते)
(फाराम बुझाउँने अन्तिम मिति: २०८२/०८/१७)

प्रस्तुत विषयमा कृषि ज्ञान केन्द्र, ओखलढुंगाको चालु आ.व.२०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार जिल्लाको प्राथमिकताप्राप्त कृषिमा नयाँ ब्लक विकास कार्यक्रम स्थापनाको लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ का शर्तहरु बमोजिम कार्यक्रममा सहभागि हुन जिल्ला भित्रका इच्छुक कृषक समूह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्महरुले तपसिल अनुसारको आवश्यक कागजातहरु सहित सूचना प्रकाशन भएको मितिले २१ दिन (अन्तिम मिति २०८२/०८/१७ गते) भित्र कार्यालय समयमा सूचिकृत सहित बाली/वस्तु र ब्लक क्षेत्र निर्धारणको लागि अनुसूची-६, ब्लक क्षेत्र माग आधारभुत तथ्याङ्क फारामको लागि अनुसूची-७ र प्रस्तावनाको लागि अनुसूची १० बमोजिमको ढाँचामा प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु दर्ता गरिने छैन ।

ब्लक कार्यक्रमको विवरण

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | बजेट (रु. हजारमा) | उपलब्ध हुने सेवा सुविधाहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रदेशभित्र रहेका जिल्लाको प्राथमिकताप्राप्त कृषिमा नयाँ ब्लक विकास कार्यक्रम स्थापना | पटक | १ | १०००.०० | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७, को परिच्छेद-७ को ७.१ अनुसार हुनेछ । | |

<u>सुचिकृत तथा प्रस्तावनाको लागि आवश्यक कागजातहरु</u>

१. सुचिकृतको लागि निवेदन साथ रु.१०/- को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचा बमोजिमका आवेदन/प्रस्तावना ।
२.संस्थागत(कृषक समूह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्म) ले प्रति आवेदन रु. २००/- राष्ट्रिय वाणिज्य बैंकको खाता नं. १०००२०००१००००, राजश्व शीर्षक नं. १४२२९, कार्यालय कोड नं. ३१२०११००११ मा आवेदन दस्तुर वापत जम्मा गरी सोको सक्कल भौचर पेश गर्नु पर्नेछ।
३. कृषक समूह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्म दर्ताको प्रमाणपत्र, नविकरण, गत आ.व.को कर चुक्ता, PAN वा VAT प्रमाण पत्रको प्रतिलिपी ।
४. सम्बन्धित स्थानीय तह कृषि विकास शाखाको सिफारिस ।
५. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा) को स्वामित्व खुल्ने जग्गा धनीपूर्जा र जग्गा धनीको नागरिकता वा भाडाको जग्गामा खेती भएमा कम्तीमा ५ वर्ष र स्थायी संरचनाको लागि कम्तीमा १० वर्षको सम्झौता पत्र ।
६. आवेदन/प्रस्तावना पेश गर्न आउँने आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपी ।
७. संस्थाको हकमा बैठकको निर्णय प्रतिलिपी साथै कार्यक्रम कार्यान्वयन गर्न अख्तियारीको निर्णय प्रतिलिपी ।

पेशल खतिवडा
प्रमुख


फोन नं.: ०३७-५२०१३०, ५२०६०६ Website: okhaldhunga.akc.gov.np E-mail: akcokhaldhunga@gmail.com

CamScanner

८. आवेदकले दोहोरो पर्ने गरी अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वः घोषणा साथै प्रतिवद्धता पत्र ।

९. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ बमोजिम माग गरिएको आवश्यक कागजातहरु पूर्णता नभएमा प्रस्ताव स्वतः रद्द हुनेछ।

१०. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को अनुसूची-१ अनुसारका राष्ट्रिय महत्वका प्राथमिकता प्रदत्त बाली/वस्तुहरु हुनु पर्नेछ ।

यस विषयमा थप जानकारीको लागि कृषि ज्ञान केन्द्र, ओखलढुंगाको टोल फ्री नं. १६६०३७५२००० वा फोन नं. ०३७-५२०१३० मा सम्पर्क राखुहुन वा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको वेभसाईट https://pmamp.gov.np मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ डाउनलोड गरी विस्तृत जानकारी लिन सक्नु हुनेछ ।

पेशल खतिवडा
नि. कार्यालय प्रमुख



CamScanner